महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
नेपाल
२०१६
Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७५ पौष २५ गते, बुधबार**

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा अर्थ सचिव डा. राजन खनालज्यू, महालेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षकको कार्यालयका विभिन्न पदाधिकारीहरुको उपस्थितिमा आ.व.२०७४।७५को समग्र सरकारको वित्तीय प्रतिवेदन प्रस्तुति कार्यक्रम महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौंमा सम्पन्न भयो । कार्यक्रममा अर्थ सचिव डा. राजन खनालज्यूले माननीय महालेखापरीक्षकज्यू समक्ष प्रतिवेदन हस्तान्तरण गर्नुभएको थियो ।

कार्यक्रममा निमित्त महालेखा नियन्त्रक श्री जगन्नाथ देवकोटाज्यूले समग्र सरकारको वित्तीय प्रतिवेदन उपर प्रस्तुति गर्नुभएको थियो । प्रस्तुतिका क्रममा उहाँले सञ्चित कोषको हिसाबका अतिरिक्त विनियोजन, राजश्व, धरौटी, वैदेशिक सहायता र लगानीको लेखा तथा केन्द्रीय लेखाको आर्थिक विवरण महालेखापरीक्षकको कार्यालयसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा अवगत गराउनु भयो । संघीयता कार्यान्वयनसँगै नेपाल सरकारको समग्र वित्तीय प्रतिवेदनको साथै तीनै तहका सरकारको सञ्चित कोषको समग्र आय व्यय विवरणलाई एकीकरण गरी सार्वजनिक गनुपर्ने चुनौतिपूर्ण जिम्मेवारी समेत महालेखा नियन्त्रक कार्यालयलाई थपिएको उहाँले बताउनुभयो । स्वचालित विद्युतीय प्रणालीको अभाव,संस्थागत क्षमताको विकास पूर्णरुपमा भइनसकेको अवस्था,संघीय कोष तथा लेखा नियन्त्रक कार्यालयप्रति उत्तरदायी हुने स्पष्ट कानुनी व्यवस्थाको नभएका कारण प्रदेश तथा स्थानीय तहबाट प्रतिवेदन नियमित तथा सहज रुपमा प्राप्त गर्न कठिनाइ भएको उहाँले जानकारी गराउनुभयो । स्थानीय तहको वित्तीय प्रतिवेदन नियमित रुपमा प्राप्त गर्न महालेखा नियन्त्रक कार्यालयले विकसित गरेको प्रतिवेदनको ढाँचा महालेखापरीक्षकज्यूबाट स्वीकृत भइसकेको अवस्था छ । सो ढाँचा २०७५।७६ देखि कार्यान्वयनमा ल्याउने व्यहोरा जानकारी गराउनुभयो । यसवर्ष एक छुट्टै ढाँचा स्थानीय तहलाई उपलब्ध गराई प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तालिम सञ्चालन गरी आवश्यक विवरण प्राप्त गर्नुका साथै स्वचालित रुपमा एकीकरण गर्ने प्रणाली विकास गरी भिडान एवं एकीकरण गरिएको जानकारी दिनुभयो ।

सो कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले केन्द्रीय मन्त्रालय र विभागलाई बढी जिम्मेवार बनाउँदै आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो । लेखा उत्तरदायी अधिकृतले व्यावहारिक रुपमा आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने बताउँदै उहाँले संघ, प्रदेश र स्थानीय सरकारलाई जोड्ने संयन्त्रको आवश्यकता औंल्याउनुभयो ।

विष्णुप्रसाद रिजाल
प्रवक्ता/नायव-महालेखापरीक्षक